वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १२५ २०८३ भदौ १९ गते शुक्रबार, नेपाल सम्वत् ११४६ September 04, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-



## भोटेकोशी बाढीपीडितको खोजी तथा उद्धार

गत भदौ १० गते बुधबार रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट भएको क्षतिपछि सम्पर्कविहीन भएका नागरिकको खोजी तथा उद्धार कार्यलाई निरन्तरता अभियानअन्तर्गत विहीबार गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा, जिल्ला प्रहरी कार्यालय तनहुँ तथा मातहतका प्रहरी इकाईबाट संयुक्त रूपमा प्रहरी परिचालन प्रहरी टोलीले तनहुँको आँबुखैरेनी गाउँपालिका-४ र ५ तथा देवघाट गाउँपालिका-४ र ५ अन्तर्गत त्रिशूली नदी किनार क्षेत्रमा खोजी कार्य सञ्चालन गर्दै । मुग्लिङ पुलदेखि देवघाटसम्मको नदी किनार क्षेत्रमा केन्द्रित भएर खोज तथा उद्धार अभियान सञ्चालन गरिएको र बाढीबाट प्रभावित तथा सम्पर्कविहीन व्यक्तिको खोजीका लागि व्यापक रूपमा प्रहरी परिचालन गरिएको छ । खोज तथा उद्धार कार्यलाई निरन्तर जारी रहने जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

*तस्विर : भञ्ज्याङ*

# खाद्य गुणस्तरमा प्रश्न : ५ लाख ४७ हजारका अखाद्य वस्तु नष्ट

## १३६ नमूना परीक्षण, ११ मुद्दा दर्ता; अनुगमनमा म्याद गुज्रेका तथा गुणस्तरहीन खाद्यवस्तु भेटिए

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँसहित पाँच जिल्लामा गरिएको खाद्य तथा बजार अनुगमनका क्रममा म्याद गुज्रेका, अखाद्य तथा गुणस्तर मापदण्ड पूरा नगरेका वस्तु फेला परेका छन् । खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, दमौलीले आर्थिक वर्ष २०८२/०८३ मा गरेको अनुगमन तथा परीक्षणबाट उपभोक्ताले दैनिक उपभोग गर्ने विभिन्न खाद्यवस्तुको गुणस्तरमा कैफियत देखिएको हो ।

कार्यालयको वार्षिक प्रगति प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा अनुगमनका क्रममा रू. ५ लाख ४७ हजार २०१ मूल्य बराबरका म्याद गुज्रेका तथा खान अयोग्य खाद्यवस्तु नष्ट गरिएको छ। बजार तथा खाद्य व्यवसायमा गरिएको अनुगमनका क्रममा फेला परेका यस्ता वस्तु तत्काल नष्ट गरिएको कार्यालयका खाद्य अनुसन्धान अधिकृत ज्योति आचार्यले जानकारी गराए ।

आचार्यका अनुसार गत आर्थिक वर्षमा खाद्य तथा दाना बजार अनुगमनका लागि १०० वटा स्थानको लक्ष्य राखेकामा ९६ स्थानमा अनुगमन गरेको थियो। खाद्य तथा दाना उद्योगतर्फ ६६ वटा उद्योग अनुगमन गर्ने लक्ष्य रहेकामा ७७ वटा उद्योगको अनुगमन गरिएको छ। त्यस्तै, खाद्य तथा दानाका १३२ वटा नमूना संकलन गर्ने लक्ष्य रहेकामा १३६ वटा नमूना संकलन गरी परीक्षण गरिएको प्रतिवेदनमा उल्लेख छ।

आयातीत खाद्यवस्तुको समेत नमूना परीक्षणलाई कार्यालयले प्राथमिकता दिएको छ । आयातीत वस्तुका ९० वटा नमूना संकलन गर्ने लक्ष्य रहेकामा ११० वटा नमूना संकलन गरिएको छ ।

कार्यालयले संकलन गरेका १३६ वटा खाद्य तथा दानाका नमूनामध्ये विभिन्न खाद्य समूहमा गुणस्तरसम्बन्धी समस्या देखिएको छ । परीक्षण गरिएका नमूनामध्ये खानेतेल तथा घ्यूतर्फ २५ नमूना परीक्षण गर्दा तीनवटामा प्रतिकूल नतिजा आएको छ । फलफूल तथा तरकारीका १६ नमूनामध्ये दुईवटामा, मसलाजन्य वस्तुका नौ नमूनामध्ये दुईवटामा, खाद्यान्न तथा दलहनका ३५ नमूनामध्ये एउटामा र प्रशोधित पिउने पानीका नौ नमूनामध्ये दुईवटामा प्रतिकूल नतिजा आएको आचार्यले जानकारी गराए ।

त्यस्तै, दानातर्फ परीक्षण गरिएका सात नमूनामध्ये पाँचवटामा प्रतिकूल नतिजा आएको छ । कार्यालयले दूध तथा दुग्धजन्य पदार्थ, चिया तथा कफी, नुन, खाद्यपूरक, मिठाई, कन्फेक्सनरी, हल्का पेय पदार्थलगायतका विभिन्न



तनहुँको शुक्लागण्डकी नगरपालिका-२ गाछेपानीमा सञ्चालित आइसक्रिम उद्योगको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, दमौली, शुक्लागण्डकी नगरपालिका तथा अन्य सरोकारवालाहरूको संयुक्त अनुगमन। अनुगमनका क्रममा सरसफाईको अवस्था निकै कमजोर, दर्तासमेत नभएको लगायतका कैफियत देखिएपछि उद्योगलाई शुक्लागण्डकी नगरपालिकाले १० हजार रूपैयाँ जरिवाना गरेको छ । *तस्विर : भञ्ज्याङ*

बाँकी तेश्रो पेजमा

# तनहुँका विभिन्न संघसंस्था, शैक्षिक संस्था तथा व्यक्तिहरूद्वारा आर्थिक सहयोग

भञ्ज्याङ समाचारदाता/दमौली

रसुवास्थित भोटेकोशी नदीमा गत भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि तनहुँका विभिन्न संघसंस्था, शैक्षिक संस्था तथा व्यक्तिहरूले आर्थिक सहयोग गरेका छन् ।

बाढीपहिरोबाट रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा ठूलो जनधनको क्षति भएपछि पीडित परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले तनहुँबाट विभिन्न माध्यममार्फत सहयोग रकम संकलन गरी प्रधानमन्त्री राहत तथा दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको हो ।

आदिकवि भानुभक्त क्याम्पसले बाढीपीडितको उद्धार तथा राहतका लागि रू. १ लाख ३५ हजार ४६२ सहयोग गरेको छ । क्याम्पस परिवारका तर्फबाट संकलन गरिएको उक्त रकम बुधबार प्रधानमन्त्री राहत कोषमा जम्मा गरिएको क्याम्पसले जनाएको छ ।

पब्लिक क्याम्पस प्राध्यापक संघ, नेपाल, आदिकवि भानुभक्त क्याम्पस इकाइको पहलमा क्याम्पस सञ्चालक समिति, प्राध्यापक तथा कर्मचारीबाट स्वेच्छिक रूपमा रकम संकलन गरिएको थियो । क्याम्पस इकाइका अध्यक्ष सह-प्राध्यापक राजन घिमिरेका अनुसार सञ्चालक समिति पदाधिकारी तथा सदस्यबाट रू. ११ हजार ५५५, प्राध्यापकबाट रू. १ लाख ३ हजार २८३ र कर्मचारीबाट रू. २० हजार ६२४ संकलन भएको हो ।



यसैगरी, नेपाली कांग्रेस भिमादका नगर सभापति अरविन श्रेष्ठले रू. १ लाख ५० हजार ७८० सहयोग गरेका छन् । श्रेष्ठले आफ्ना दाजुभाइ, दिदीबहिनी तथा परिवारका सदस्यहरूबाट रकम संकलन गरी बिहीबार तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीलाई सहयोग रकमको भौचर हस्तान्तरण गरेका हुन् ।

रसुवा बाढीपहिरोमा परी ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त

बाँकी अन्तिम पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# अब प्रकृतिमैत्री विकास

मानव समाज आज विकासका अनेकौँ खुड्किला पार गर्दै यहाँसम्म आइपुगेको छ । विज्ञान, प्रविधि, यातायात, सञ्चार र पूर्वाधारमा भएका उपलब्धिले मानिसको जीवन सहज बनाएका छन् । तर विकास आफैँ हुँदैन । यसको पछाडि मानिसको श्रम, सीप, अध्ययन, अनुसन्धान, जोखिम र निरन्तर प्रयास जोडिएको हुन्छ। आज हामीले प्राप्त गरेका उपलब्धि पुस्तौँपुस्ताको मेहनतको परिणाम हुन् । तर विकासको गति बढाउँदै गर्दा एउटा प्रश्नलाई भने बेवास्ता गर्न मिल्दैन– हामी कस्तो विकास चाहन्छौँ ? ठूला सडक, पुल, भवन, जलविद्युत् आयोजना र अन्य पूर्वाधार निर्माण हुनु आवश्यक छ । आर्थिक गतिविधि विस्तार र रोजगारी सिर्जनाका लागि विकासका आयोजना अपरिहार्य छन् । तर विकासका नाममा प्रकृतिमाथि अत्यधिक दबाब सिर्जना गर्ने, नदीको प्राकृतिक बहाव खुम्च्याउने, वन विनाश गर्ने, जोखिमयुक्त क्षेत्रमा बस्ती तथा संरचना विस्तार गर्ने र वातावरणीय सन्तुलनलाई बेवास्ता गर्ने हो भने त्यस्तो विकास अन्ततः विनाशको कारण बन्न सक्छ । हालै भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले यही प्रश्नलाई अझ गम्भीर बनाएको छ । बाढीले ठूलो जनधनको क्षति गरेको छ । मानिसको ज्यान गएको छ, कतिपय बेपत्ता छन्, परिवारहरू विछोडिएका छन् । सडक, पुल, जलविद्युत् आयोजना, घरबस्ती र अन्य संरचनामा क्षति पुगेको छ । यो पीडा केवल प्रभावित परिवारको मात्र होइन, सिंगो देशको पीडा हो ।

प्राकृतिक विपत्तिलाई केवल भाग्य वा नियतिको परिणाम भनेर पन्छिनु हुँदैन । विपत्ति प्राकृतिक हुन सक्छ, तर त्यसबाट हुने क्षतिको मात्रा मानिसको तयारी, भू–उपयोग, पूर्वाधार निर्माण र वातावरणीय अवस्थासँग पनि जोडिएको हुन्छ । त्यसैले विपत्तिपछि राहत र उद्धारसँगै यसको कारण र जोखिमबारे गम्भीर अध्ययन हुनुपर्छ । आज विश्व जलवायु परिवर्तनको चुनौतीसँग जुधिरहेको छ। तापक्रम वृद्धि, हिमाली क्षेत्रमा देखिएका वातावरणीय परिवर्तन, वर्षाको स्वरूपमा आएको फेरबदल, बाढी, पहिरो, खडेरी तथा अन्य चरम मौसमी घटनाले जोखिम बढाइरहेका छन् । नेपालजस्तो भौगोलिक रूपमा संवेदनशील मुलुकका लागि यो अझ महत्वपूर्ण विषय हो । तर जलवायु परिवर्तनको बहसलाई केवल भाषण र नारामा सीमित गर्नु हुँदैन । हाम्रा विकास आयोजना निर्माण गर्दा वातावरणीय प्रभावको वास्तविक मूल्याङ्कन गर्नुपर्छ । नदी तथा खोलाको प्राकृतिक क्षेत्र संरक्षण गर्नुपर्छ । वन र जलाधार क्षेत्र जोगाउनुपर्छ । पहाडमा जथाभावी सडक खन्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्छ । बस्ती विस्तार गर्दा भौगोलिक जोखिमलाई प्राथमिक आधार बनाउनुपर्छ । विकासका हरेक आयोजनामा एउटा प्रश्न अनिवार्य हुनुपर्छ– यसले आज कति लाभ दिन्छ मात्र होइन, भोलिको पुस्तालाई कति सुरक्षित राख्छ ?

हामीले विकास र वातावरणलाई एकअर्काका विरोधी विषयका रूपमा बुझ्नु हुँदैन। वातावरण जोगाएर पनि विकास गर्न सकिन्छ। बरू वातावरणमैत्री विकास नै दीर्घकालीन विकास हो । सौर्य ऊर्जा, विद्युतीय यातायात, स्वच्छ प्रविधि, हरित पूर्वाधार, पानीको संरक्षण, वन संरक्षण र पुनःप्रयोगमा आधारित अर्थतन्त्रतर्फ अघि बढ्नु समयको माग हो । वातावरणमैत्री विकास भन्नाले विकास रोक्नु होइन। विकासको तरिका बदल्नु हो । सडक चाहिन्छ, तर भूगोल र वातावरण बुझेर । जलविद्युत् चाहिन्छ, तर नदीको पारिस्थितिक प्रणाली र स्थानीय समुदायको सुरक्षालाई ध्यान दिएर । शहर विस्तार गर्नुपर्छ, तर खोलानाला र प्राकृतिक क्षेत्र मासेर होइन । भोटेकोशीको बाढीले अर्को महत्वपूर्ण पाठ पनि दिएको छ– विपद् आउनुअघि गरिएको तयारी नै सबैभन्दा प्रभावकारी राहत हो। पूर्वसूचना प्रणाली बलियो बनाउने, जोखिमयुक्त बस्ती पहिचान गर्ने, सुरक्षित स्थानको व्यवस्था गर्ने, स्थानीय तहदेखि संघीय सरकारसम्म उद्धार संयन्त्रलाई चुस्त बनाउने र विपद् व्यवस्थापनमा नियमित अभ्यास गर्ने कामलाई प्राथमिकता दिनुपर्छ । पीडितलाई राहत दिनु राज्यको कर्तव्य हो । तर राहतले मात्र राज्यको दायित्व पूरा हुँदैन । प्रभावित परिवारको पुनःस्थापना, क्षतिग्रस्त संरचनाको सुरक्षित पुनर्निर्माण र भविष्यमा यस्तै क्षति दोहोरिन नदिने दीर्घकालीन योजना आवश्यक छ। विपत्तिको कारण र कमजोरी पहिचान गरी जिम्मेवारीसमेत निर्धारण गर्नुपर्छ ।

हामीले प्रकृतिलाई जित्ने होइन, प्रकृतिसँग सहअस्तित्व कायम गर्ने विकासको बाटो रोज्नुपर्छ । प्रकृतिको नियमलाई चुनौती दिएर गरिएको विकास लामो समय टिक्न सक्दैन । त्यसैले विकासका पाइला अविचलित रहून्, तर ती पाइला विवेकपूर्ण र जिम्मेवार पनि बनून् । भोटेकोशीको विपत्तिले दिएको पीडालाई केवल दुःखका रूपमा सम्झिएर पुग्दैन । त्यसबाट पाठ सिकेर विकासको सोच र अभ्यास परिवर्तन गर्नुपर्छ । अबको विकासमा सडक र पुलसँगै वन, पानी, माटो, नदी र मानव जीवनको सुरक्षा पनि प्राथमिकतामा पर्नुपर्छ । विकास रोक्नु समाधान होइन, विनाश निम्त्याउने विकास रोक्नु आवश्यक छ। मानव जीवन र प्रकृतिको सुरक्षालाई केन्द्रमा राखिएको विकास मात्रै दिगो विकास हो । आजको पुस्ताले गरेको विकासले भोलिको पुस्तालाई सुरक्षित, स्वच्छ र सुन्दर संसार दिन सक्यो भने मात्रै हाम्रो विकासको यात्रा सार्थक हुनेछ ।

# विकासका पाइला अविचलित हुन्छन्




मानव समाजले आज विकासका अनेकौँ खुड्किला पार गरिसकेको छ । तर विकास आफैँ हुँदैन । त्यसका लागि मानिसले निरन्तर संघर्ष, श्रम, अध्ययन, अनुसन्धान र जोखिम मोल्नुपर्छ । एउटा बालकले आमाको गर्भभित्रै आफ्नो अस्तित्व र विकासका लागि संघर्ष गरेझैँ मानव सभ्यताको विकास पनि निरन्तर संघर्षकै परिणाम हो ।

जन्म र मृत्यु प्रकृतिको अनिवार्य नियम हो । परिवर्तन पनि त्यस्तै प्राकृतिक प्रक्रिया हो । कुनै वस्तु वा घटनालाई केवल बाहिरी रूपबाट हेरेर निष्कर्षमा पुग्नु उचित हुँदैन । त्यसका सकारात्मक र नकारात्मक दुवै पक्षको अध्ययन आवश्यक हुन्छ। समाज, राजनीति, विज्ञान र प्रकृतिका घटनालाई पनि यही दृष्टिकोणबाट हेर्नुपर्छ ।

मानिसको स्वभावमा शंका र विश्वास दुवै हुन्छन् । शंका मात्रै गर्नु पनि उचित होइन, तर आवश्यक ठाउँमा प्रश्न उठाउनु र सत्य खोज्नु पनि मानिसको विवेकशीलताको परिचय हो। मानिसको विचार समयअनुसार परिवर्तन हुन सक्छ। हिजो सही ठानिएको कुरा आज गलत प्रमाणित हुन सक्छ र हिजो गलत देखिएको कुरा आज नयाँ सन्दर्भमा सही हुन सक्छ। त्यसैले व्यक्तिको मूल्याङ्कन उसको भनाइभन्दा पनि व्यवहार र कर्मबाट गर्नुपर्छ।

### जोखिमबिना विकास सम्भव छैन

कतिपय मानिस जोखिम लिनु हुँदैन भन्छन् । तर जोखिम लिन नसक्ने हो भने मानव समाज आजको अवस्थासम्म आइपुग्ने थिएन । नयाँ बाटो हिंड्ने, नयाँ कुरा सोच्ने, प्रश्न गर्ने र प्रयोग गर्ने साहसकै कारण विज्ञान र प्रविधिको विकास भएको हो । हरेक जोखिम सफल हुन्छ भन्ने छैन। कहिलेकाहीँ जोखिमले असफलता पनि दिन्छ। तर असफलताबाट सिकेर पुनः प्रयास गर्ने क्षमता नै मानिसको वास्तविक शक्ति हो । दृढ विचार, अनुशासन र आत्मविश्वासका साथ लिइएको जोखिमले सफलताको बाटो खोल्न सक्छ । मानव इतिहासमा भएका ठूला उपलब्धिहरू पछाडि यस्तै साहस, अनुसन्धान र प्रयोगको लामो यात्रा छ ।

त्यसैले अरूको सफलताप्रति ईर्ष्या गर्नुको सट्टा त्यसबाट प्रेरणा लिनुपर्छ । अध्ययन गर्ने, अनुसन्धान गर्ने र नयाँ कुरा सिक्ने बानीले मात्रै समाजलाई अगाडि बढाउन सक्छ । मानिसको अर्को कमजोरी क्रोध हो। रिसले मानिसलाई क्षणिक रूपमा शक्तिशाली देखाए पनि अन्ततः विवेक कमजोर बनाउँछ । अरूको प्रगतिप्रति ईर्ष्या र आक्रोश राखेर सफलता हासिल गर्न सकिँदैन । हजारौँ लडाइँ जित्नु ठूलो कुरा होइन, आफूभित्रको अहंकार, लोभ, क्रोध र कमजोरीमाथि विजय प्राप्त गर्नु अझ ठूलो उपलब्धि हो ।

### सत्यको बाटो कठिन भए पनि अविचलित हुन्छ

मानव सभ्यताको यात्रामा सत्यको खोज सधैँ महत्वपूर्ण रहँदै आएको छ । सत्य स्वीकार गर्न कहिलेकाहीँ कठिन हुन्छ, तर त्यसबाट भागेर दीर्घकालीन समाधान प्राप्त हुँदैन । विज्ञानको विकास पनि यही प्रश्न गर्ने र प्रमाण खोज्ने संस्कृतिबाट सम्भव भएको हो । गौतम बुद्धका शिक्षाले पनि सत्य, विवेक, आत्मअनुशासन र करूणाको बाटो देखाउँछन् । सत्यको बाटोमा हिंड्ने मानिसलाई अनेकौँ अवरोध आउन सक्छन्, तर सत्यको खोज छाड्नु हुँदैन । मानिसले अन्धविश्वासभन्दा विवेक, भ्रमभन्दा प्रमाण र आवेगभन्दा तर्कलाई प्राथमिकता दिन सके मात्रै समाज वास्तविक अर्थमा प्रगतिशील बन्न सक्छ।

आज विज्ञान र प्रविधिले संसारलाई अभूतपूर्व रूपमा परिवर्तन गरेको छ । रोबोटिक्स, कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि, अन्तरिक्ष अनुसन्धानदेखि स्वास्थ्य र सञ्चार क्षेत्रमा भएका उपलब्धिले मानव जीवनको परिभाषा नै बदलिरहेका छन्। कृत्रिम बुद्धिमत्ता अर्थात् एआईले मानिसले कल्पना नगरेका सम्भावनाका ढोका खोलिरहेको छ ।

यो कुनै चमत्कार वा मन्त्रको परिणाम होइन । यो वर्षौंको अध्ययन, अनुसन्धान, प्रयोग र मानवीय बुद्धिको परिणाम हो। तर विज्ञानले दिएका उपलब्धिलाई स्वीकार गर्दै गर्दा विवेकपूर्ण ढङ्गले त्यसका जोखिम र सीमाबारे पनि बहस गर्न आवश्यक छ। विज्ञानको विरोध होइन, विज्ञानको जिम्मेवार प्रयोग आजको आवश्यकता हो।

### विपत्ति र हाम्रो सोच

मानिस सधैँ सुरक्षित र शान्त जीवनका लागि संघर्षरत छ । खान, लगाउन र बाँच्नका लागि श्रम गर्छ । तर यही समाजमा अरूको श्रम र पसिनामाथि आफ्नो स्वार्थ पूरा गर्न खोज्ने प्रवृत्ति पनि छ । यही असमानता, शोषण र स्वार्थले संसारका धेरै द्वन्द्वलाई जन्म दिएको इतिहास छ ।

शक्तिशाली राष्ट्रहरूले आफ्नो आर्थिक र सामरिक प्रभाव विस्तार गर्ने क्रममा कमजोर मुलुक र समुदायमाथि विभिन्न प्रकारका दबाब सिर्जना गरेका उदाहरण विश्व इतिहासमा प्रशस्त छन् । युद्ध, हतियारको होड र प्राकृतिक स्रोतको दोहनले मानव समाजलाई दीर्घकालीन जोखिमतर्फ धकेलिरहेको छ ।

यही सन्दर्भमा अहिले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीलाई पनि केवल एउटा आकस्मिक प्राकृतिक घटना भनेर टारेर पुग्दैन । बाढीले निम्त्याएको मानवीय क्षति अत्यन्त पीडादायी छ । मानिसले ज्यान गुमाएका छन्, परिवार विछोडिएका छन्, कतिपय बेपत्ता छन् । सडक, पुल, जलविद्युत् आयोजना, घरबस्ती र अन्य भौतिक संरचनामा क्षति पुगेको छ । देश शोकमा छ ।

तर यस्तो विपत्तिको कारणबारे बहस गर्दा हामी भावनामा मात्रै होइन, तथ्य र विज्ञानमा पनि उभिनुपर्छ । कसैले यसलाई सरकारको कमजोरी भन्छ, कसैले दैवी विपत्ति, कसैले पापको सजाय। तर प्रश्न उठ्छ– 'दैव' भनेको के हो ? त्यसको वैज्ञानिक व्याख्या के हो ? विपत्तिलाई केवल भाग्य वा दैवी शक्तिसँग जोडेर हेर्दा हामीले वास्तविक कारण पहिचान गर्ने अवसर गुमाउन सक्छौँ ।

### जलवायु परिवर्तनलाई बेवास्ता गर्न मिल्दैन

विश्व अहिले जलवायु परिवर्तन र वातावरणीय असन्तुलनको गम्भीर चुनौतीमा छ । औद्योगिकीकरण, जीवाश्म इन्धनको अत्यधिक प्रयोग, वन विनाश र बढ्दो प्रदूषणले पृथ्वीको तापक्रम वृद्धिमा योगदान गरिरहेका छन् । यसले हिमनदी, वर्षाको स्वरूप, बाढी, पहिरो, खडेरी र अन्य चरम मौसमी घटनाको जोखिम बढाइरहेको छ ।

तर वातावरण संरक्षणको बहस पनि समान मापदण्डमा हुनुपर्छ। सामान्य नागरिकलाई वातावरण संरक्षणको पाठ पढाउने, किसानलाई खेतको अवशेष व्यवस्थापन गर्न निर्देशन दिने र उद्योगलाई प्रदूषण नियन्त्रण गर्न बाध्य पार्ने हो भने ठूला औद्योगिक राष्ट्र र युद्धरत शक्तिहरूको वातावरणीय प्रभावबारे पनि उत्तिकै गम्भीर प्रश्न उठाउनुपर्छ ।

युद्धका क्रममा हुने विशाल विस्फोट, तेल तथा ग्यासको दोहन, सैन्य उद्योग र अत्यधिक जीवाश्म इन्धनको प्रयोगले वातावरणमा पार्ने प्रभावलाई बेवास्ता गरेर मात्र वातावरण संरक्षणको लक्ष्य पूरा हुन सक्दैन ।

यसको अर्थ हरेक प्राकृतिक विपत्तिको एउटै कारण जलवायु परिवर्तन हो भन्ने होइन । तर जलवायु परिवर्तन, हिमाली

बाँकी तेश्रो पेजमा

## तपाईको आज

| मेष | वृष | मिथुन | कर्कट | सिंह | कन्य |
|---|---|---|---|---|---|
| आर्थिक लाभको सम्भावना, पारिवारिक सहकार्यले ठूला काम सम्पन्न, नयाँ योजना प्रारम्भ गर्न अनुकूल समय हो । | व्यवसायमा मन्दी देखिए पनि साझेदारीमा गरिएको कामबाट फाइदा मिल्न सक्छ। मनोबल उच्च राख्नुहोस्। | प्रेम सम्बन्धमा सुधार आउनेछ। मित्रहरूसँगको सहकार्यबाट फाइदा हुनेछ। पढाइलेखाइमा मन जानेछ। | घरपरिवारमा सानो मतभेद आउन सक्छ। भावनामा बग्नुभन्दा यथार्थमा टिकेर निर्णय लिनु उपयुक्त हुन्छ। | यात्राको योग देखिन्छ । शुभ सूचना प्राप्त हुनेछ । सम्मान प्राप्त हुने सम्भावना पनि देखिएको छ । | सञ्चारमा सुधार हुनेछ। आर्थिक विषयमा सतर्क र हनुहोस्। परिश्रम अनुसार उपलब्धि पाउनुहुनेछ। |

| तुला | वृश्चिक | धनु | मकर | कुम्भ | मीन |
|---|---|---|---|---|---|
| पारिवारिक वातावरण सुखद रहला । नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा दिन सक्छ । | श्रम अनुसार फल पाइने समय हो। बोली र व्यवहारमा संयमता अपनाउनु लाभदायक हुनेछ। | सृजनात्मक काममा रूचि बढ्नेछ। पुराना समस्याको समाधान हुने सम्भावना छ। आत्मबल उच्च रहन्छ। | नयाँ योजनाको प्रारम्भका लागि अनुकूल समय हो। अरूको कुरामा ध्यान नदिई आफ्ना लक्ष्यमा केन्द्रित हुनुहोस् । | पुराना साथी भेटिने सम्भावना छ । नयाँ काममा हात हाल्नुअघि अनुसन्धान गर्नु उचित हुनेछ । | स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ । सामाजिक काममा संलग्न हुने अवसर आउन सक्छ । |

# दैनिक ८५ हजार लिटर वृद्धि गरी एक लाख ५० हजार लिटर दूध संकलन गर्ने डिडिसीको लक्ष्य

**नारायण अधिकारी/चितवन**

दुग्ध किसानको बक्यौता भुक्तानी र उत्पादनको ठूलो मात्रा मौज्दातसहित वित्तीय संकटबीच लामो समयदेखि गुज्रिरहेको दुग्ध विकास संस्थान (डिडिसी)ले दैनिक एक लाख ५० हजार लिटर दूध संकलन गर्ने लक्ष्य लिएको छ । संस्थालने दूध लिएबापतको रकम किसानलाई नियमित रूपमा भुक्तानी दिने व्यवस्था सुनिश्चित गरी दुग्ध संकलन तथा दुग्धजन्य पदार्थको बिक्री केन्द्र विस्तार गरेर दैनिक एक लाख ५० हजार लिटर संकलन गर्ने महत्वाकाङ्क्षी लक्ष्य लिएको हो । किसानबाट दैनिक ६५ हजार लिटर दूध खरिद गर्दै आएको संस्थानले अब थप ८५ हजार लिटर वृद्धि गर्ने लक्ष्य लिएको बताएको छ ।

संस्थानका महाप्रबन्धक डा शरणकुमार पाण्डेले नियमित भुक्तानी व्यवस्थासहित दुग्ध किसानलाई विश्वासमा लिएर उत्पादन तथा बिक्रीवितरणका दृष्टिले उपयुक्त स्थानको पहिचान गरी देशव्यापी रूपमा सञ्जाल विस्तार गरी लक्ष्य हासिल गर्ने योजना रहेको बताउनुभयो।

देशका प्रधानमन्त्रीसहित नेपाल सरकारबाट डिडिसीको बजार प्रवर्द्धनमा अमूल्य योगदान भएकामा गर्व गर्दै महाप्रबन्धक डा पाण्डेले भन्नुभयो, "सम्माननीय प्रधानमन्त्रीले खुलेरै डिडिसीको महत्वसहित प्रचार गर्नुभएको छ । यसबाट हामी थप उत्साहित भएका छौं । अहिले परिस्थिति अनुकूल भएकाले स्पष्ट लक्ष्य–योजनासहित परिणाम देखिनेगरी काम गर्नुपर्ने दायित्व थपिएको छ । सरकार र आमउपभोक्ताको अपेक्षाअनुसार गुणस्तरीय उत्पादनसहित डिडिसीलाई आर्थिक रूपले सवल बनाउनेछौं ।"

सहकारी संयन्त्रमार्फत सीमित स्थानमा मात्र दूध संकलन हुँदै आएको र किसानले समयमै दूधको मूल्य नपाएको अवस्थालाई सम्बोधन गर्ने पक्षमा संस्थान रहेको स्पष्ट गर्दै पाण्डेले भन्नुभयो, "दूध उत्पादनका हिसाबले सम्भावना भएका स्थानमा आवश्यक पूर्वाधारको व्यवस्था गरी संकलन केन्द्र विस्तार गर्नेछौं । यसअघिको बक्यौता छिट्टै फरफारक गरी नियमित रूपमा भुक्तानीको व्यवस्था सुनिश्चित गरी किसानको विश्वास जित्नेछौं । मात्रात्मक एवं गुणात्मक दृष्टिले दूधको संकलन, उत्पादन तथा बिक्रीवितरणमा जोड दिई लक्ष्य पूरा गर्नेछौं ।"

संस्थाले किसानको बक्यौता घटाउनुका साथै दूध संकलन तथा बिक्रीदर बढेको भन्दै पछिल्ला दिनमा दुग्धजन्य वस्तुको मौज्दात घटाएको र नयाँ बजारसहित निर्यातका सम्भावना खोज्न थालेको उहाँले बताउनुभयो । आफूले गत वैशाख १८ गते जिम्मेवारी सम्हाल्दा संस्थानसँग करिब ६०० टन धुलो दूध (मिल्क पाउडर), ५०० टन बटर र १० टन पनिर मौज्दात रहेको जानकारी दिंदै त्यसलाई बजारीकरण गरेर मौज्दात घटाइएको उहाँले बताउनुभयो ।

महाप्रबन्धक डा पाण्डेले भन्नुभयो, "चार महिनाअघि किसानलाई करिब रू ७२ करोड भुक्तानी दिन बाँकी थियो, डिडिसीका कुनै पनि उत्पादन अन्तरराष्ट्रिय बजारमा निर्यात हुने अवस्था थिएन । तर, अहिले बक्यौता रू २० करोडमा झरेको छ र उत्पादित वस्तु विदेशमा बिक्रीवितरण भइरहेको छ, यसबाट अपेक्षा गरिएअनुसारको परिणाम दिन सकिन्छ भन्ने विश्वास लिएको छु।"

यसैगरी, करिब ६०० धुलो दूधको मौज्दात घटेर करिब १२० टनमा झरेको, ५०० टन हाराहारीमा रहेको बटरको मौज्दात १२५ टन बाँकी रहेको र पछिल्लो तीन महिना १५ दिनभित्र संस्थानले करिब रू ७० करोड भुक्तानी गरिसकेको डा पाण्डेले जानकारी दिनुभयो । डिडीसीले नियमित रूपमा दूध खरिद गरिरहेकाले भुक्तानी बाँकी रहने रकमलाई क्रमश: व्यवस्थापन गर्दै लैजाने उहाँको भनाइ छ। आफू महाप्रबन्धक हुँदा आठ महिनाको भुक्तानी बाँकी रहेकामा अहिले दुई महिनाको मात्र बाँकी रहेको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "अब मासिक र त्यसपछि १५ दिनमा किसानलाई भुक्तानी दिने गरी काम गर्दैछौं ।"

संस्थानले बजार विस्तारलाई पनि प्राथमिकतामा राखेर काम गर्दै आएको छ। काठमाडौंमा यसअघि 'डेडिकेटेड' बिक्री काउन्टर नभएको भन्दै उहाँले अहिले डिडिसीका मात्रै १५ वटा डेडिकेटेड काउन्टर सञ्चालनमा ल्याइएको बताउनुभयो । यसअघि दैनिक रू ५० देखि ६० लाख हाराहारीको कारोबार हुने गरेकामा अहिले करिब रू एक करोडको कारोबार हुन थालेको छ । दूध बिक्रीमा वृद्धि भएको उहाँले बताउनुभयो । काठमाडौंमा दैनिक दूध बिक्री करिब ६० हजार लिटरबाट बढेर अहिले ७२ हजार लिटर पुगेको छ । त्यस्तै, दैनिक दूध संकलन ५० हजार लिटर हाराहारीबाट बढेर ६५ हजार लिटर पुगेको छ । हाल दूध उत्पादनको तुलनामा औपचारिक बजारमा खपत कम हुने अवस्था रहेको छ । चाडपर्व तथा गर्मी मौसममा घरमै दूध, दही, खीरलगायतका परिकारमा बढी प्रयोग हुने भएकाले औपचारिक बजारमा दूधको खपत घट्ने गरेको उहाँको भनाइ छ ।

संस्थानले आन्तरिक बजारसँगै अन्तरराराष्ट्रिय बजारमा पनि आ ̂ नो उपस्थिति विस्तार गर्न थालेको भन्दै उहाँले खाडी मुलुकमा घ्यू निर्यात सुरू भइसकेको बताउनुभयो । हालै ५०० किलो घ्यु दुबईमा निर्यात गरिएको र वार्षिक ५० हजार किलो घ्यु निर्यात गर्ने सम्झौता भएको महाप्रबन्धक पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार चिज र पेडाकोसमेत माग विदेशबाट आउन थालेको छ । दक्षिण कोरिया, मलेसिया र जापानमा डिडीसीका उत्पादन निर्यातका लागि छलफल भइरहेको पाण्डेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बजारको मागअनुसार नयाँ उत्पादन थप गर्ने तयारीमा हामी लागेका छौं ।" हाल संस्थाले करिब २० प्रकारका उत्पादन गर्दै आएकामा 'स्लाइस चिज' लगायतका उत्पादन बजारमा ल्याउने तयारी भइरहेको छ ।

बजारमा यस्ता चिजको माग उच्च भए पनि हाल निजी क्षेत्र वा विदेशबाट आयात हुँदै आएको पाण्डेले बताउनुभयो । मोफसलमा उत्पादन र बजार विस्तार गर्ने रणनीतिअन्तर्गत पोखरामा उत्पादन गर्ने गरी सम्झौताको प्रक्रिया अघि बढाइएको छ । संस्थाको मुख्य समस्या कर्मचारी संख्या बढी हुनु र दूध संकलन तथा बजारबीच उचित तालमेल नहुनु रहेकाले यसलाई व्यवस्थापन गर्दै अघि बढेको उहाँले बताउनुभयो । डिडिसीमा करिब ८०० कर्मचारीहरू छन् । डिडिसीमा हाल करिब रू एक अर्ब २६ करोड ऋण रहेको भन्दै उहाँले आगामी एक वर्ष छ महिनाभित्र ऋण तिर्ने लक्ष्यसहित काम अघि बढाएको बताउनुभयो । डा पाण्डेका अनुसार पछिल्लो अवधिमा मात्रै डिडिसीले करिब रू तीन करोड ऋण तिरेको छ । खर्च नियन्त्रण र वित्तीय अनुशासनमा सुधार ल्याउँदै संस्थालाई क्रमश:आत्मनिर्भर बनाउने योजना रहेको उहाँको भनाइ छ ।

# खाद्य गुणस्तरमा प्रश्न : ५ ......

खाद्य समूहका नमूना पनि परीक्षण गरेको थियो ।

खाद्यवस्तुको गुणस्तर कायम गराउन कार्यालयले बजार अनुगमनसँगै कानुनी प्रक्रियासमेत अघि बढाएको छ । गत आर्थिक वर्षमा कार्यालयको अभिलेखमा ११ वटा मुद्दा दर्ता भएका छन् । ती मुद्दामा गुणस्तरहीन वनस्पति घ्यू, चिया, सुजी, फलफूल पेय पदार्थलगायत खाद्यवस्तुका विषय समेटिएका छन्। बेकरीसम्बन्धी लेबलिङ तथा अन्य कैफियतका विषयसमेत मुद्दाका रूपमा अभिलेख गरिएको छ।

यस अवधिमा कार्यालयमा अन्य कार्यालयबाट प्राप्त १४ वटा मुद्दासमेत सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयबाट निर्णय भएका छन् । तीमध्ये धनगढीस्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट प्राप्त प्रशोधित तेलसम्बन्धी एक, पाल्पास्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट प्राप्त चाउचाउ तथा प्रशोधित तेलसम्बन्धी तीन र दाङबाट प्राप्त अमिलो तरल पदार्थसम्बन्धी एक मुद्दा निर्णय भएको प्रमुख आचार्यले जानकारी गराए ।

**म्याद गुज्रेका वस्तुमा ठूलो रकम**

कार्यालयका अनुसार बजार अनुगमनका क्रममा नष्ट गरिएका खाद्यवस्तुमा मैदाजन्य तथा पीठोजन्य वस्तु, चकलेट, चिप्स, दाल तथा दालजन्य पदार्थ, बेकरी सामग्री, जुस तथा फलफूल पेय पदार्थ, चाउचाउ, तयारी खाजा, कोला तथा हल्का पेय पदार्थ, चिउरा, खाना पकाउने तेल लगायतका वस्तु रहेका छन् ।

खाद्यवस्तुको गुणस्तर जाँचका क्रममा होटल तथा खाद्य व्यवसायमा प्रयोग भइरहेका तेलको अवस्थासमेत परीक्षण गरिएको थियो । टीपीएम मूल्य २५ भन्दा बढी भएका खाना पकाउने तेल समेत फेला परेको कार्यालयको प्रतिवेदनमा उल्लेख छ ।

गत आर्थिक वर्षको चौथो त्रैमासिक अवधिमा मात्रै स्थानीय तहसँगको सहकार्यमा गरिएको संयुक्त बजार अनुगमनबाट रू. १ लाख ८१ हजार ५ सय १६ मूल्य बराबरका म्याद गुज्रेका तथा खान अयोग्य खाद्यवस्तु नष्ट गरिएको थियो । बेकरी, किराना पसल तथा अन्य खाद्य व्यवसायमा गरिएको अनुगमनका क्रममा लेबल नभएका तेलजन्य पदार्थ, म्याद गुज्रेका खाद्यवस्तु तथा अन्य कैफियतयुक्त सामग्री भेटिएका थिए।

**हाटबजारदेखि विद्यालयका क्यान्टिनसम्म निगरानी**

कार्यालयले नियमित बजार अनुगमनसँगै खाद्य सुरक्षाका दृष्टिले संवेदनशील क्षेत्रलाई समेत निगरानीमा राखेको छ । हाटबजार, मेला तथा महोत्सवमा चार स्थान अनुगमन गर्ने लक्ष्य रहेकामा सात स्थानमा अनुगमन गरिएको छ ।

त्यस्तै, संवेदनशील खाद्यवस्तु बिक्री हुने २४ स्थानमा अनुगमन गर्ने लक्ष्यअनुसार २४ स्थानमै अनुगमन गरिएको छ । विद्यालय तथा अस्पतालका क्यान्टिनतर्फ आठ स्थानको लक्ष्य रहेकामा १४ स्थानमा अनुगमन गरिएको प्रतिवेदनमा उल्लेख छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, दमौलीको कार्यक्षेत्रमा तनहुँसहित म्याग्दी, लमजुङ, गोरखा र नवलपुर गरी पाँच जिल्ला रहेका छन् । कार्यालयले खाद्य तथा दाना उद्योगको निरीक्षण तथा नियमन, उद्योग सञ्चालनका लागि सिफारिस, बजार अनुगमन, होटल तथा रेस्टुरेन्ट, हाटबजारलगायतका क्षेत्रमा खाद्य गुणस्तर तथा स्वच्छता अनुगमन गर्दै आएको छ ।

यसैक्रममा कार्यालयले होटल तथा रेस्टुरेन्टको स्वच्छता स्तर सुधारका लागि होटल/रेस्टुरेन्ट स्वच्छता स्तरीकरण कार्यक्रमसमेत सञ्चालन गरेको छ । बन्दीपुर लगायतका बजार क्षेत्रमा होटल तथा रेस्टुरेन्टको स्वच्छता मूल्याङ्कन तथा स्तरीकरण गरिएको प्रतिवेदनमा उल्लेख छ।

खाद्य वस्तुको उत्पादनदेखि बिक्रीवितरणसम्म गुणस्तर कायम गराउनु र उपभोक्तालाई सुरक्षित खाद्यवस्तु उपलब्ध गराउनु खाद्य नियमनको मूल उद्देश्य हो । तर, बजार अनुगमनमा म्याद गुज्रेका तथा खान अयोग्य वस्तु भेटिनु, परीक्षणका क्रममा केही नमूनामा प्रतिकूल नतिजा आउनु र त्यस्ता वस्तु नष्ट गर्नुपर्ने अवस्थाले खाद्य व्यवसायी तथा नियमनकारी निकाय दुवैका लागि निरन्तर निगरानी आवश्यक रहेको देखाएको छ ।

कार्यालयको प्रतिवेदनले अनुगमनको संख्या बढ्दै गए पनि खाद्यवस्तुको गुणस्तर सुनिश्चित गर्न नियमित परीक्षण, प्रभावकारी बजार अनुगमन, व्यवसायीको जिम्मेवारी र उपभोक्ता सचेतनालाई समान रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखाएको छ ।

# विकासका पाइला अविचलित ..........

क्षेत्रमा बढ्दो जोखिम, अनियन्त्रित पूर्वाधार निर्माण, नदी किनारको अतिक्रमण, कमजोर पूर्वसूचना प्रणाली र विपद् व्यवस्थापनको तयारीजस्ता पक्षको वैज्ञानिक अध्ययन आवश्यक छ ।

**पीडितलाई दया होइन, अधिकार चाहिन्छ**

भोटेकोशीको बाढीले दिएको पीडा अहिले हाम्रो सामुन्ने छ । विपत्तिमा सहयोग गर्ने हातहरू आवश्यक छन् । राहत, उद्धार र पुनःस्थापनामा राज्य, निजी क्षेत्र, नागरिक समाज र विभिन्न संघसंस्थाको भूमिका महत्वपूर्ण हुन्छ। तर राहत दिनु मात्र पर्याप्त हुँदैन। विपत्तिको जोखिम कम गर्न के तयारी गरिएको थियो ? पूर्वसूचना प्रणाली कति प्रभावकारी थियो ? जोखिमयुक्त बस्ती किन सुरक्षित स्थानमा सारिएनन्? नदी तथा जलाधार क्षेत्रको संरक्षणमा कस्तो नीति अपनाइयो ? पूर्वाधार निर्माण गर्दा विपद् जोखिमको मूल्याङ्कन गरियो कि गरिएन ? उद्धार र राहतमा समन्वय किन कमजोर भयो? यस्ता प्रश्नको जवाफ खोजिनुपर्छ ।

विपत्तिमा ज्यान गुमाएका नागरिकका परिवारलाई केही राहत दिएर राज्यको दायित्व पूरा हुँदैन। उनीहरूलाई न्याय, पुनःस्थापना र भविष्यमा यस्तै क्षति दोहोरिन नदिने सुनिश्चितता चाहिन्छ । हामीलाई कसैले सहयोग गऱ्यो भन्दैमा प्रश्न गर्न छाड्नु हुँदैन। सहयोगप्रति कृतज्ञ हुनु र जिम्मेवारी खोज्नु दुई फरक कुरा हुन् । पीडितको घाउमा मलम लगाउनु मानवीय कर्तव्य हो, तर घाउ किन लाग्यो भन्ने प्रश्न गर्नु नागरिकको अधिकार हो।

**विकासको बाटो रोकिँदैन**

प्रकृतिसँग संघर्ष गर्दै मानव समाज अघि बढिरहेको छ । विकास रोकिँदैन, विज्ञान रोकिनु हुँदैन र सत्यको खोज पनि रोकिनु हुँदैन । तर विकासको अर्थ केवल ठूला भवन, सडक, पुल र आयोजना निर्माण गर्नु मात्र होइन। सुरक्षित जीवन, स्वच्छ वातावरण, उत्तरदायी शासन, वैज्ञानिक चेतना र न्यायपूर्ण समाज निर्माण गर्नु पनि विकासकै हिस्सा हो ।

भोटेकोशीको विपत्तिले हामीलाई एउटा कठोर पाठ दिएको छ– विकासका पाइला अविचलित हुनुपर्छ, तर विकासको बाटो विवेकहीन हुनु हुँदैन । अब हामीले विपत्तिलाई केवल नियतिको खेल भनेर स्वीकार गर्ने होइन, त्यसका कारण खोज्ने हो। दोषारोपणमा समय बिताउने होइन, तथ्यमा आधारित अध्ययन गर्ने हो । राहतमा मात्रै सीमित हुने होइन, पुनःस्थापना र जोखिम न्यूनीकरणको दीर्घकालीन योजना बनाउने हो । मानिस चेतनशील र विवेकशील प्राणी हो। त्यसैले हरेक विपत्तिबाट सिक्ने जिम्मेवारी पनि मानिसकै हो। प्रकृतिलाई चुनौती दिने होइन, प्रकृतिसँग सहअस्तित्व कायम गर्दै विज्ञान, विवेक र जिम्मेवारीका आधारमा अघि बढ्नु आजको आवश्यकता हो । विपत्तिले हाम्रो यात्रा रोक्न सक्दैन । बरू त्यसले हाम्रो यात्राको दिशा सच्याउनुपर्छ। विकासका पाइला अगाडि बढिरहुन्– तर ती पाइला मानव जीवन, प्रकृति र भविष्यप्रति जिम्मेवार बनुन् ।






## दाबी विरोध सम्बन्धमा

प्रस्तुत विषयमा शुक्लागण्डकी नगरपालिका वडा नं. ५ तनहुँ निवासी ना.प्र.नं. ९२५ भारतीय भु.पु.सै.नं. 5429814 L/NK TS No. 180843 का **फन बहादुर गुरूङ**को श्रीमती **हरिमाया गुरूङ**को मिति २०८३/०३/१९ मा मृत्युपछि निजको नामको पेन्सन प्रयोजनको छोरा **गणेश गुरूङ**को वडा कार्यालयमा प्राप्त निवेदन बमोजिम निजको जेठी श्रीमती **सरिमाया भन्ने सिरीमाया गुरूङ**को तर्फबाट जन्म भएका छोराछोरी **राम प्रसाद गुरूङ, होम बहादुर गुरूङ, मिन बहादुर गुरूङ र बेल माया गुरूङ** स्थानीय स्तरमा बुझिलिदाँ हालसम्म सम्पर्कमा नरहेको, आमा **हरिमाया गुरूङ र बाबु** दुबैको मृत्यु कार्य लगायत अन्य कार्यहरूमा समेत सहभागिता नजनाएको र बाबुको पेन्सनमा समेत निजहरूको कुनै हकदावी नरहेको भनि छोरा **गणेश गुरूङ**ले **बुबा फन बहादुर गुरूङ र आमा हरिमाया गुरूङ**को कान्छी छोरी **लक्ष्मी गुरूङ** हालसम्म अविवाहित रहेको हुँदा बुबा **फन बहादुर गुरूङ**को पेन्सनको हकदार **कान्छी छोरी लक्ष्मी गुरूङ** रहेको व्यहोरा सिफारीस माग भै आएकोले निवेदक बाहेक अन्य कोही हकदार भए वा अन्य कसैको हकदावि पुग्ने भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रमाण सहित हकदावी गर्न आउनु होला अन्यथा नियमानुसार भई जाने व्यहोरा जानकारी गराइएको छ ।


## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**भदौ २० गते शनिबार**

१) पोखरा हरियो खर्क तथा दीर्घायू हस्पिटलका वरिष्ठ नाक, कान र घाँटी रोग विशेषज्ञ **डा. डि.बि. लामिछाने**द्वारा नाक, कान र घाँटी सम्बन्धी स्वास्थ्य परीक्षण जस्तै **क) नाक सम्बन्धी समस्याहरूका लक्षणहरु :** लगातार छिंक आउने, नाक बन्द हुनु वा सास फेर्न गाह्रो हुनु, नाकबाट पानी बगिरहने, नाकबाट रगत आउने, सुघ्ने क्षमता घट्नु (पिनास हुनु) र नाकभित्र पोल्ने वा गिज्याउने चिलाउने अनुभव हुनु । **ख) कान सम्बन्धी लक्षणहरु :** श्रवण शक्ति कम हुनु, कानभित्र गुन्जिनु/आवाज आउनु, कान दुख्नु, फोहोर जम्मा हुनु, पानी बग्नु, पिप वा रगत निस्कनु, चक्कर लाग्नु/सन्तुलन बिग्रनु र कान पोल्नु वा चिलाउनु । **ग) घाँटी सम्बन्धी समस्याहरूका लक्षणहरु :** घाँटी दुख्नु वा पोल्नु, आवाज भारी हुनु/स्वर परिवर्तन, निल्न गाह्रो हुनु/दुखाई हुनु (Tonsillitis), घाँटी सुख्खा हुनु/सुक्खा खोकी लाग्नु, घाँटीमा डल्ला जस्तो अनुभव हुनु, दीर्घकालीन खोकी वा स्वर गुम्नु आदि समस्या भएमा सम्पर्क राखि सेवा लिनु होला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा



## बाढीले तहसनहस स्याफ्रुबेंसी : उजाडियो बस्ती, छैन सडक सम्पर्क

भोटेकोशी बाढीले प्रभावित ठाउँमध्ये एक हो- रसुवाको स्याफ्रुबेंसी । यहाँका अधिकांश घर र होटल बगाएर निकै ठूलो भौतिक क्षति पुगेको छ। धुन्चेदेखि करिब ५ किलोमिटरसम्म सडकको पहुँच रहे पनि त्यसपछिको बजार स्याफ्रुबेंसी पुग्न सहज छैन । त्रिशूलीले पासाङ ल्हामु राजमार्ग क्षतविक्षत बनाएको छ। सडक सम्बन्ध टुटेका कारण प्रभावित क्षेत्रमा राहत, उद्धार तथा खोजी कार्यमा समेत कठिनाइ भइरहेको छ । स्थानीयवासी तथा आफन्तहरूले आफ्ना परिवारका सदस्य सम्पर्कविहीन रहेको बताइरहेका छन् । दिन बित्दै जाँदा हराएकाहरु जीवित भेटिने आस मात्र मरेको छैन, शव पनि नभेटिने चिन्ता देखिन्छ । रसुवास्थित श्री श्रीनाथ गणका सहायक रथी उज्ज्वलविक्रम राणाका अनुसार बाढी आएको दिनदेखि नै नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका सुरक्षाकर्मी प्रभावित क्षेत्रमा उद्धार, राहत तथा खोजी कार्यमा निरन्तर खटिएका छन् । सुरक्षा संयन्त्रले स्याफ्रुबेंसीलगायत प्रभावित क्षेत्रमा अझै पनि खोजी तथा उद्धार कार्यलाई निरन्तरता दिइरहेको छ । बाढीले पुऱ्याएको क्षतिको पूर्ण विवरण संकलन तथा बेपत्ताको खोजी कार्य जारी छ । *तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# गाउँ चिनाउँदै 'डुलन्ते दाइ'

**भञ्ज्याङ समाचारदाता**/दमौली

गाउँको प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति र स्थानीय जीवनशैलीलाई पर्यटकीय गतिविधिसँग जोड्ने उद्देश्यले बन्दीपुरका बसन्त पौडेल अर्थात 'डुलन्ते दाइ'ले 'आफ्नो गाउँ आफैँ चिनाऔँ' अभियान सञ्चालन गर्नुभएको छ । गाउँमा रहेका सम्भावना पहिचान गरी त्यसलाई सामाजिक सञ्जालमार्फत प्रचार गर्ने र पर्यटकलाई गाउँसम्म पुऱ्याउने उद्देश्यसहित उहाँले अभियान अघि बढाएका हुन्।

पौडेलले हाल बन्दीपुर भिलेज सफारी सञ्चालनमा ल्याएको छ । भिलेज सफारीमार्फत बन्दीपुरको ग्रामीण क्षेत्र, स्थानीय जीवनशैली, कृषि, संस्कृति तथा प्राकृतिक सौन्दर्य अवलोकन गराउने गरिएको उनले बताए ।

उनका अनुसार नेपाल आउने विदेशी पर्यटकमध्ये धेरैले ग्रामीण परिवेश, स्थानीय संस्कृति र मौलिक जीवनशैली नजिकबाट अनुभव गर्न रूचाउने गरेका छन् । त्यस्ता पर्यटकलाई पर्यटकीय बजार तथा चर्चित गन्तव्यमा मात्र सीमित नराखी गाउँसम्म पुऱ्याउन सके स्थानीय उत्पादनले समेत बजार पाउने उनको भनाइ छ ।

पर्यटन व्यवसायी पौडेलले भने, "नेपालमा आउने विदेशी पर्यटक विशेषगरी ग्रामीण परिवेश अध्ययन गर्न रूचाउँछन्। उनीहरूलाई गाउँसम्म लगेर घुमाउन सके स्थानीय उत्पादनले बजार पाउँछ।"

गाउँमा उत्पादन भएका कृषि उपज, स्थानीय परिकार, हस्तकला तथा अन्य मौलिक उत्पादनलाई पर्यटकसँग जोड्न सके ग्रामीण अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पर्ने उनको विश्वास छ । पर्यटक गाउँमा पुग्दा स्थानीय होटल, होमस्टे, यातायात, कृषि उत्पादन तथा अन्य सेवाको माग बढ्ने भएकाले गाउँमै रोजगारी र आम्दानीका अवसर सिर्जना हुने उनको भनाइ छ ।

**सामाजिक सञ्जालबाट गाउँको पहिचान**

व्यवसायी पौडेल गाउँको पर्यटन प्रवर्द्धनका लागि सबैले आफ्नो ठाउँमा रहेका आकर्षक तथा रमणीय स्थानको फोटो र भिडियो खिचेर सामाजिक सञ्जालमा पोस्ट गर्नुपर्ने बताउँछन्। उनले भने, "आफ्नो गाउँमा रहेका रमणीय कुरा फोटो र भिडियो खिचेर सामाजिक सञ्जालमा पोस्ट गर्नुहोस् । गाउँको पहिचान अभियानले गाउँको विकासमा सहयोग पुग्छ ।"

उनका अनुसार अहिले सामाजिक सञ्जाल पर्यटन प्रवर्द्धनको प्रभावकारी माध्यम बनेको छ । गाउँको प्राकृतिक सौन्दर्य, संस्कृति, परम्परा, खानपान तथा स्थानीय जीवनशैलीका दृश्य नियमित रुपमा सामाजिक सञ्जालमा ल्याउन सके बाहिरी जिल्लाका तथा विदेशी पर्यटकको ध्यान आकर्षित गर्न सकिने छ ।

**बन्दीपुरदेखि छिम्केश्वरीसम्म गाउँ घुमाउने योजना**

बन्दीपुर भिलेज सफारीमार्फत बन्दीपुरको ग्रामीण परिवेश घुमाउने अभियान सुरू गरेको व्यवसायी पौडेलले आसपासका गाउँ, स्थानीय बस्ती, कृषि क्षेत्र तथा मौलिक जीवनशैलीलाई पर्यटकसँग जोड्ने प्रयासमा छन् ।




तनहुँका अन्य पर्यटकीय गाउँलाई समेत भिलेज सफारीसँग जोड्ने तथा छिम्केश्वरी, मानुङकोट लगायतका गाउँ घुमाउने अभियानसमेत सुरू गर्ने योजना रहेको छ । इलामको कन्याममा समेत भिलेज सफारी सुरु भइसकेकाले त्यस अभियानको अवधारणा अन्य जिल्लामा समेत विस्तार हुन थालेको बताइएको छ ।

गाउँमा पर्यटक भित्र्याउन ठूला पूर्वाधार मात्र आवश्यक नपर्ने भन्दै पौडेलले गाउँको मौलिकता नै मुख्य आकर्षण भएको बताए । गाउँको संस्कृति, रहनसहन, स्थानीय खानपान, कृषि प्रणाली, प्राकृतिक दृश्य र स्थानीयसँगको अन्तरक्रियालाई पर्यटकीय अनुभवका रूपमा विकास गर्न सकिने उनको भनाइ छ ।

**गाउँको पहिचानसँगै आर्थिक गतिविधि**

'आफ्नो गाउँ आफैँ चिनाऔँ' अभियानले पर्यटन प्रवर्द्धनसँगै गाउँको आर्थिक गतिविधि बढाउन सहयोग गर्ने पौडेलको विश्वास छ। पर्यटक गाउँसम्म पुग्दा स्थानीय उत्पादनको खपत बढ्ने र गाउँका युवालाई पर्यटन तथा सेवामूलक क्षेत्रमा काम गर्ने अवसर सिर्जना हुनेछ ।

विशेषगरी युवाले आफ्नो गाउँको सम्भावना पहिचान गरी सामाजिक सञ्जालमार्फत प्रचार गर्न सके गाउँलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सहज हुने उनको विश्वास छ । गाउँको पहिचानका लागि स्थानीयवासी, युवा तथा व्यवसायी मिलेर अभियान सञ्चालन गरिए विकाससँगै स्थानीय उत्पादनको बजार र रोजगारीका अवसर समेत विस्तार हुने अपेक्षा गरिएको छ । रासस

## facebook twitter



**Sanjeev**
x.com/sanpokh

सरकारको नेतृत्व फेर्नुपर्छ भन्ने होइन । त्यो गौण कुरा हो । नेतृत्व फेरिनासाथ सब कुरा ठिकठाक हुन्छन् भन्ने पनि होइन । अहिले त झन् नेतृत्व परिवर्तनको कुरा गर्ने उचित बेला पनि होइन । तर, मलाई लाग्छ नेपाल खराब नेतृत्वमा नराम्ररी फसेको छ । वालेन शाहका विगतका फेसबुक–ट्विटरका पोस्टहरु र उनी प्रधानमन्त्री भएपछिका गतिविधिलाई हेरेर कसैलाई उनले देशको कार्यकारी प्रमुखको आधारभूत भूमिका निर्वाह गर्न सक्छन् जस्तो लाग्छ भन्ने त्यो मानिस देश र राजनीतिबारे गलत रूपमा प्रशिक्षित भएको जस्तो लाग्छ मलाई। यसो भनिरहँदा मलाई थाह छ कि लाखौं नेपालीहरु अहिले पनि वालेन शाहका 'फ्यान' छन् । त्यसैले, नेपालको राजनीतिक, आर्थिक र सामाजिक संकटको गहिराई निकै डरलाग्दो छ ।
विगतका सरकारहरूको कुशासनले नेपालीहरु fend for yourselvesको अवस्थामा लगभग पुगिसकेका थिए । राजनीतिक परिवर्तनले यसको अन्त गर्ने अपेक्षा थियो (मलाई थिएन) । तर, वालेन–सुधन सरकारले जनताका मूल मुद्दा र आवश्यकताका विषयमा देखाएको उदासिनता र राजनीतिक संस्था, विधि र प्रक्रियामाथि गरिरहेको अपमानका कारण त्यसलाई थप गति प्रदान गरिरहेको छ । दुर्भाग्यवस मेरो अनुमान सही प्रमाणित भइरहेको छ ।
कुरा नकारात्मक हो । तर, मेरो विचारमा यथार्थ यही हो ।



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

देश ०७२को विनाशकारी भुकम्प जस्तै त्रिशुली बाढीको कहरले ध्वस्त भएकै बेला काँग्रेसका पुराना नेता चै नयाँ त्रिशुल काँग्रेस पार्टी खोल्ने निष्कर्षमा पुगेको देखियो।सर्पको मुखमा परेको भ्यागुत्तोले फट्याङ्गा टिपे जस्तो हुदैन रे। पुरै न्यु पोलिटिकल डिपार्चर भन्छन। के रहेछ–चुरो कुरो ?

# तनहुँका विभिन्न संघसंस्था ......

गर्दै श्रेष्ठले शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेका छन्। उनले अझै बेपत्ता नागरिकको खोजी कार्यलाई तीव्रता दिन तथा खोजीमा विज्ञान र प्रविधिको अधिकतम प्रयोग गर्न सरकारसँग माग गरेका छन् ।

सहयोग रकम ग्रहण गर्दै प्रमुख जिल्ला अधिकारी तिवारीले विपद्को समयमा गरिएको सहयोगले पीडितको राहत तथा उद्धारमा महत्वपूर्ण योगदान पुग्ने बताए। श्रेष्ठ नेपाली कांग्रेसका स्वर्गीय नेता सूर्यरत्न श्रेष्ठका छोरा हुन्।

त्यस्तै, निर्माण व्यवसायी संघ तनहुँले रू. १ लाख १ हजार सहयोग गरेको छ । संघले रसुवा–भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुन:स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गरेको हो ।

राष्ट्रिय विपद्को कठिन घडीमा पीडितको पीडामा साथ दिन सामाजिक उत्तरदायित्वअन्तर्गत सहयोग गरिएको संघका कोषाध्यक्ष सुरेश घिमिरेले जानकारी दिए ।

यसैगरी, व्यास नगरपालिका–३ स्थित वाराही आवासीय माध्यमिक विद्यालयले रू. १ लाख १० हजार ८० आर्थिक सहयोग गरेको छ । विद्यालय परिवारको सामूहिक पहलमा विद्यार्थी, शिक्षक तथा विद्यालयको संयुक्त योगदानबाट उक्त रकम संकलन गरी बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहतका लागि प्रदान गरिएको विद्यालयले जनाएको छ।

विपद्को कठिन परिस्थितिमा पीडितप्रति ऐक्यबद्धता र मानवीय संवेदना व्यक्त गर्दै सञ्चालन गरिएको सहयोग अभियानबाट संकलित रकम आर्थिक सहयोग मात्र नभई विद्यालय समुदायको करूणा, एकता र सामाजिक उत्तरदायित्वको प्रतिबिम्ब भएको विद्यालयको भनाइ छ ।

त्यस्तै, व्यास नगरपालिका–४ दमौलीस्थित दमौली मुस्लिम समाजले रू. १ लाख ५ सय सहयोग गरेको छ। समाजले दमौली मुस्लिम अन्जुमन कमिटीमार्फत उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो।

विपद्को कठिन परिस्थितिमा पीडित नागरिकलाई सहयोग गर्न समाजका दाजुभाइ तथा दिदीबहिनीबाट रकम संकलन गरिएको दमौली मुस्लिम अन्जुमन कमिटीले जनाएको छ। कमिटीका सचिव मन्सुर अहमदले विपद्को यस घडीमा सबैले आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्ने बताए।

भोटेकोशी बाढीबाट ठूलो जनधनको क्षति भएपछि पछिल्लो समय तनहुँमा विभिन्न संघसंस्था, शैक्षिक संस्था, व्यवसायी तथा सर्वसाधारणले राहत कोषमा आर्थिक सहयोग गर्ने क्रम बढेको छ । पीडितको उद्धार, राहत र पुन:स्थापनामा राज्यको प्रयाससँगै नागरिकस्तरबाट भइरहेको सहयोगले विपद्मा सामाजिक एकता र मानवीय संवेदनाको सन्देश दिएको छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोन:** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४